☎/📠 कार्यालय : ०८२-५४०८१०
☎ कार्यालय प्रमुख : ९८५७८५१४१५
☎ सूचना अधिकारी : ९८५५०५२४३२

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही, दाङ

✉ dfodeukhuri@gmail.com

मिति २०७८/०१/२१

प.सं.-२०७७/०७८ (योजना शाखा)
च.नं.-

**शिलबन्दी दरभाउपत्र: DFO/DEUKHURI/GOODS/077-078/01**

**फलफूलका बिरुवा खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आहानको सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०१/२१**

यस कार्यालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायमा उल्लेखित फलफूलका बिरुवाहरु सिलबन्दी दरभाउपत्र आहान गरि खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म/संस्था/कम्पनीहरुलाई सिलबन्दी दरभाउपत्र पेश गर्न गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

देहायः-

१. आपूर्ती गर्नुपर्ने फलफूलको बिरुवा

| सि.नं. | फलफूलको नाम | परिमाण (संख्या) | बिरुवाको स्पेशिफिकेशन | | | | आपूर्ती गर्नुपर्ने स्थान र समय | अधिकतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | उमेर (वर्ष) | उचाई (फिट) | किसिम | प्याकिङ | | | |
| १ | आँप (Mango) (आम्रपाली, मल्लिका) | २५०० | १-२ | १.५-३ | कलमी बिरुवा | सदाबहार फलफूलको हकमा पोलीब्यागमा उत्पादन गरेको हुनु पर्नेछ र पतझड फलफूलको हकमा झ्याउ वा परालमा राखि जुटचट्टीले प्याकिङ गरेको हुनु पर्नेछ । | डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीमा, २०७८ साल असाड ७ गते भित्र आपूर्ती गर्नुपर्ने | १७०००० | कन्टिन्जेन्सी बाहेकको मूल्य |
| २ | आँप (Mango) (अन्य जात) | ४००० | १-२ | १.५-३ | कलमी बिरुवा | | | | |
| ३ | लिची (Litchi) | ३५०० | १-२ | १.५-२ | कलमी बिरुवा | | | | |
| ४ | अम्बा (Guava) | १००० | १-२ | १.५-२ | कलमी बिरुवा | | | | |
| ५ | अनार (Pomegranate) | १००० | १-२ | १-३ | जरा भएको कटिङ बिरुवा | | | | |
| ६ | कागती (Acid Lime) | १३०० | १-२ | १.५-२.५ | बिजू बिरुवा | | | | |
| | जम्मा | १३३०० | | | | | | १७०००० | |

२. सिलबन्दी दरभाउपत्र फाराम पाईने स्थानः डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमही

३. सिलबन्दी दरभाउपत्र फाराम बापत लाग्ने दस्तुरः रु. १,०००/ (अक्षरुपी एक हजार मात्र) । नेपाल बैंक स्थित खाता नं. २७४०२००००१००१००००१, कार्यालयको कोड नं. ३०७०२५६०२५ (डिभिजन वन कार्यालय दाङ

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही, दाङ

☎/🖷 कार्यालय : ०८२-५४०८१०
☎ कार्यालय प्रमुख : ९८५७८४१५१४
☎ सूचना अधिकारी : ९८५७०४२४३२
✉ dfodeukhuri@gmail.com

(देउखुरी), लमही), राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको बैंक भौचार पेश गरि दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

४. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समयः सूचना प्रकाशन भएको मितिले २०७८/०२/०४ गते सम्म कार्यालय समयभित्र ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समयः मितिः- २०७८/०२/०५ गते, समयः- दिउँसो १२.०० बजे भित्र ।

६. सिलबन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थानः मितिः- २०७८/०२/०५ गते, समयः दिनको २.०० बजे, स्थानः डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमही ।

७. सिलबन्दी दरभाउपत्र साथ संलग्न राख्नुपर्ने कागजातहरुः
(क) फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको ईजाजात पत्र,
(ख) स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,
(ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
(घ) जमानत बापत २.५ % ले हुन आउने रकम रु. २५,००० (अक्षरुपी पच्चीस हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, दाङ, तुल्सीपुरको प्रदेश नं. ५ ख २ धरौटी खाता नं. ०२७०२०००००२००३००००००१, कार्यालय कोड नं. ३०७०२५६०२५ (डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीमा) मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणीज्य बैंकको ७५ (पचहत्तर) दिनको मान्य हुने बैंक जमानत (बैंक ग्यारेण्टी) ।

८. सिलबन्दी दरभाउपत्र फाराम दरभाउपत्रदाता वा निजको प्रतिनिधिले खरिद र पेश गर्न सक्नेछ ।

९. सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने कार्यालयः डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमही

१०. दरभाउ पत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोली पोल्ट कार्यालय खुलेको दिनमा तोकिएकै समयमा हुनेछ ।

११. सम्भव भए सम्म सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सिलबन्दी दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पुनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१२. सिलबन्दी दरभाउपत्र फाराममा दरभाउपत्रदाताले रीतपूर्वक सहिछाप गरेको हुनुपर्नेछ ।

१३. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ (पैंतालिस) दिनको हुनेछ ।

१४. दरभाउपत्र फाराममा दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१५. शिलबन्दी दरभाउपत्रको बाहिर खाममा कुन विषय र कहाँ पेश गर्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१६. रीत नपुगी र म्याद नाघि आएको प्रस्ताव माथि कुनै कार्वाही हुने छैन ।

१७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१८. दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ ।

१९. अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।